# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुड्‌चुङ, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं.: ३११.८

मिति : २०८०/०२/१४

**विषय : ध्यानाकर्षण सम्बन्धमा ।**

श्री कार्यपालिका वैठकमा अनुपस्थित सदस्य ज्यु हरु सवै
सिद्धलेक गाउपालिका धादिङ

प्रस्तुत विषय सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १७ को १ मा भएको व्यवस्था ( कार्यपालिकाको वैठक कम्तीमा महिनामा १ पटक वस्नेछ ) अनुसार मिति २०८०।०२।११ को च.न. ३१०० को पत्र मार्फत जारी गरिएको सार्वजनिक सुचना, र व्यक्तिगत रुपमा गरिएको एस.एम.एस मार्फत यही मिति २०८०।०२।१३ गते विहान ८ वजे गाउकार्यपालिकाको १२ औ नियमित वैठक आव्हान गरिएको जुन वैठक मा पत्र मार्फत नै आगामी आ.व.०८०।०८१ को वजेट सिलिङ्ग मार्गदर्शन छलफल र अनुमोदन सगै १५ शैयाको अस्पताल निर्माण को डि.पि.आर प्रतिवेदन छलफल सहित अस्पताल निर्माण प्रकृया तत्काल अगाडी वढाउने विषय, र गाउपालिकाको लोगो स्विकृत लगाएत १० वटा महत्वपुर्ण ऐजेण्डा तय गरिएकोमा जिम्मेवार पदाधिकारी सहित केही कार्यपालिका सदस्युहरु वहुमत पुग्न नदिने गरी अनुपस्थित हुदा वैठक वस्न नसकेको प्रति दुःख व्यक्त गर्दै ,हामी सवै निर्वाचित जनप्रतिनिधि लाई सिद्धलेक वासी नागरिकले ठुलो अपेक्षा सहित महत्वपुर्ण मत दिई स्थानीय सरकारको महत्वपुर्ण नेतृत्वको जिम्मेवारी दिएको अवस्था सगै कानुनी रुपमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ को ४ (क) अर्न्तगत गाउपालिका अध्यक्ष को काम , दफा १६ को ४ (ख) अर्न्तगत उपाध्यक्ष को काम, दफा १६ को ४ (ग) अर्न्तगत वडा अध्यक्ष को काम र दफा १६ को ४ (घ) अर्न्तगत कार्यपालिका सदस्यको काम वाट हामी कुनै पनि हालतमा जिम्मेवारी वाट पन्छिन नमिल्ने साथै दफा १६ को ४ (घ) १ अनुसार हामी सवै कार्यपालिका सदस्यको पहिलो काम कार्यपालिका वैठकमा भाग लिने भनि उल्लेखीत प्रावधान समेत जानकारी गराउदै आर्थिक वर्षको अन्तिम चरण सगै वजेट नीति, योजना, कानुन निर्माणको महत्वपुर्ण समयमा यसरी वैठक नवस्दा पर्ने असर नागरीक को हामी प्रति गुम्न सक्ने आसा, भरोसा र विश्वास लाई समेत मध्येनजर गरी हामी विचका असमभदारी असन्तुष्टीहरु हामी सगै वसी छलफल वाट निराकरण गर्न सकिने हुदा यस विषयमा सवैले आ–आफ्नो तर्फ वाट कमी कमजोरी सुधार तथा आत्मालोचना गरी अव हुने सवै कार्यपालिका र गाउसभाका वैठकमा विनाशर्त भाग लिन आफ्ना मत तथा असन्तुष्टी वैठकमा नै राख्न सवै प्रति हार्दिक अनुरोध गर्दै हिजोको कार्यपालिका वैठकमा भएको अनुपस्थित सगै कार्यपालिका वैठक वस्न नसकेको र सो वाट परेको असर प्रति पुन दुःख व्यक्त गर्दै अनुपस्थित सवै जिम्मेवार पदाधिकारी एंव सदस्य ज्यु हरु लाई अनुरोध सहित यस विषयमा गम्भीर हुन ध्यानाकर्षण समेत गर्दछु ।

२०८०/०२/१४
परशुराम खतिवडा
अध्यक्ष

**बोधार्थ**
श्री वडा कार्यलय सवै सिद्धलेक गाउपालिका धादिङ ( जानकारीको लागी )
श्री सुचना प्रविधि शाखा वेभसाईटमा राखिदिनुहुन तथा वडा लाई मेल गरिदिनुहुन ।